का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ पुस २०८०,
सोमबार
25 December 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ३२० । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

मध्यपहाडी संकल्प यात्रा

# एमालेले देखेको ९ समस्या, ६ निष्कर्ष

जनताहरु सामाजिक न्याय, राष्ट्रिय एकता र सामाजिक सद्भावका पक्षमा रहेको एमालेको निष्कर्ष छ । लोकतान्त्रिक गणतन्त्रको विकल्प अझ उन्नत स्तरको लोकतान्त्रिक गणतन्त्र मात्रै हुन सक्ने संकल्प यात्राको निचोड छ ।



परिवर्तनलाई उल्ट्याउन र जनताको अभिमत बिनाको जन्मसिद्ध श्रेष्ठताको सामन्ती व्यवस्था पुनर्स्थापना गर्ने प्रयासलाई कुनै हालतमा सफल हुन दिनेछैनौं ।

**केपी शर्मा ओली**
अध्यक्ष, एमाले




*सम्पादकहरुसँग एमाले अध्यक्ष ओली*

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ८ पुस ।

नेकपा एमालेले झुलाघाट चिवाभञ्ज्याङ : समृद्धिका लागि संकल्प यात्राको क्रममा देखे/भोगेका विषयहरु सार्वजनिक गरेको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा आइतबार पार्टी मुख्यालयमा भएको विशेष पत्रकार सम्मेलनमा संकल्प यात्राका क्रममा देखेका समस्या र समाधानका निष्कर्ष सार्वजनिक गरिएको छ ।

एमालेले गत मंसिर १४ देखि पुस २ गतेसम्म बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म 'समृद्धिका लागि संकल्पयात्रा' गरेको थियो । उक्त यात्राको समीक्षालाई एमालेले ९ समस्या, ६ निष्कर्ष बुँदागत रुपमा सार्वजनिक गरेको छ ।

एमालेले पूर्वाधार विकासमा समस्या देखेको छ । 'पूर्वाधारका दृष्टिले मध्यपहाडका गाउँ र बस्तीहरुमा यस बिचमा ठूलो परिवर्तन आएको हामीले प्रत्यक्ष रुपमा देख्यौं, अनुभूत गऱ्यौं' एमालेले सार्वजनिक गरेको समीक्षात्मक प्रेस विज्ञप्तिमा उल्लेख छ, 'प्रायः सबै पालिका र वडाहरुमा कच्ची नै भए पनि सडकको पहुँच पुगेको छ ।'

मध्यपहाड कृषि, फलफूल र पशुपालनका दृष्टिले असाध्यै उर्वर र संभावनायुक्त क्षेत्रका रुपमा रहेको उल्लेख गर्दै एमालेले सुन्तला लगायत अमिलो पृष्ठ २ मा

## बसाइँसराइ ठूलो चुनौती

एमालेले पहाडी गाउँवस्तीहरुमा बसाइँसराइ ठूलो चुनौतीको रुपमा देखा परेको जनाएको छ ।

'हामीले यात्रा गरेका ३० जिल्लामध्ये अधिकांशको जनसंख्या वृद्धिदर ऋणात्मक रहेको छ। कतिपय गाउँवस्तीहरु रित्तिँदै गएका छन्' एमालेले लेखेको छ, 'विद्यार्थीको अभावमा कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेका छन् । खेतीयोग्य जमिन बाँझो बन्दैछन् । गाउँमा श्रमका लागि युवाहरुको अभाव छ ।'

कतिपय ठाउँमा त बृद्धबृद्धाहरुको हेरचाह गर्ने या मलामी जाने युवाहरुको समेत अभाव देखिएको उल्लेख गर्दै एमालेले बसाइँसराइँका पछाडि केही वाध्यात्मक कारणहरु रहेको उल्लेख गरेको छ ।

युवाहरुको विदेश प्रवासनले जटिल पारिवारिक समस्याहरु निम्तिन थालेको देखिएको उल्लेख गर्दै एमालेले बृद्धबृद्धाहरुको हेरचाह, नानीहरुको स्याहारसुसार, हुर्काइ र पढाइ तथा महिलाहरुको जीवनमा कतिपय जटिलता थपिएको र मनोवैज्ञानिक समस्या उत्पन्न भएको पाएको बताएको छ । पृष्ठ २ मा

## गणतन्त्रकै पक्षमा जनता

एमालेले समस्या मात्रै उजागर गरेको छैन् । समाधानका प्रयास के हुन सक्छ भनी सुझाएको छ ।

'हाम्रो अभियान एउटा यात्रा मात्रै थिएन । यो त संकल्प यात्रा थियो, समृद्धिका लागि संकल्प यात्रामा हामी आफैले प्रत्यक्ष देखे-भोगेका अनेकौं समस्याहरु छन् । जनस्तरबाट प्राप्त अनेकौं माग र सुझाव छन् । ती सबैका आधारमा हामी देहायको संकल्प गर्दछौं ।' एमालेले जारी गरेको प्रेस बिज्ञप्तिमा उल्लेख छ ।

एमालेले नेपाली जनता लोकतान्त्रिक गणतन्त्र र समाजवादका पक्षमा रहेको निष्कर्ष निकालेको छ ।

जनताहरु सामाजिक न्याय, राष्ट्रिय एकता र सामाजिक सद्भावका पक्षमा रहेको निष्कर्ष निकाल्दै एमालेले भनेको छ, ' हामी लोकतान्त्रिक गणतन्त्रका पक्षमा दृढतापूर्वक उभिने छौं । परिवर्तनलाई उल्ट्याउन, नेपाललाई मध्ययुगतिर फर्काउन र जनताको अभिमत बिनाको जन्मसिद्ध श्रेष्ठताको सामन्ती व्यवस्था पृष्ठ २ मा

जाडो मौसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रिय सभाको अध्यक्षमा तानातान



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ पुस ।

सत्तारुढ दलहरुबीच राष्ट्रिय सभाको अध्यक्षको विषयमा अनोपचारिक संवाद हुन थालेको छ ।

आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच १५ मिनेटजति एक्लाएक्लै छलफल भएको थियो । एमाले अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिका लागि कुर्ने क्रममा प्रचण्ड र देउवाबीच छलफल भएको थियो ।

दुई नेताको एक्ला एक्लै भएको छलफलपछि बृफिङ सुनेका कांग्रेस नेता रमेश लेखकले 'औपचारिक कुराकानी भएको' स्वीकारे । अर्थात, सत्ता गठबन्धनको प्रमुख दुई दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका बीचमा राष्ट्रिय सभाको अध्यक्षको विषयमा छलफल शुरु भएको छ ।

संवैधानिक परिषदको सदस्य समेत हुने भएकाले राष्ट्रिय सभाको अध्यक्षमा कांग्रेस र माओवादी केन्द्रको बलियो दाबी छ । कांग्रेसले बलियो गरी प्रयास अगाडि बढाउँदा माओवादीले संवैधानिक परिषदमा आफ्नो उपस्थिति कहाँ रहने भनी काउण्टर गरिरहेको छ ।

> संवैधानिक परिषदमा आफ्नो उपस्थिति शून्य हुने गरी जान माओवादी तयार छैन । तर कांग्रेसका कतिपय नेताहरु प्रचण्डले सहजै प्रधानमन्त्री नछाड्ने निष्कर्षसहित राष्ट्रिय सभाको अध्यक्षमा बलियो गरी दाबी प्रस्तुत गरिरहेका छन् ।

हाल संवैधानिक परिषदमा प्रधानमन्त्री प्रचण्ड नै अल्पमतमा छन् ।

संवैधानिक निकायका पदाधिकारी र प्रधानन्यायाधीश सिफारिस गर्ने सर्वोच्च निकाय संवैधानिक परिषदमा पृष्ठभूमिका आधारमा अध्यक्षता गर्ने प्रधानमन्त्री भन्दा विपक्षी दलको प्रतिनिधित्व बढी छ ।

प्रधानमन्त्रीको अध्यक्षता रहने संवैधानिक परिषदमा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रमुख विपक्षी दलका नेता र उपसभामुख सदस्य हुन्छन् ।

अहिलेको संरचना अनुसार संवैधानिक परिषदमा अध्यक्ष प्रचण्ड, प्रमुख विपक्षी दलको नेता केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिना, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र उपसभामुख इन्दिरा राना रहेका छन् । राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सना कार्यकाल सकिएर आगामी फागुन २० गते बिदा हुँदैछन् ।

प्रधानमन्त्रीमा आलोपालो गर्ने भनिए अनुसार प्रचण्डको कार्यकाल एक वर्ष बाँकी छ । त्यसपछाडि राष्ट्रिय पृष्ठ २ मा




# विमानस्थलमा मीनबहादुरले फिँजाएको जालो

**शिव विक/मध्यान्ह**
काठमाडौं, ८ पुस ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको १४ किलो सुन तस्करी प्रकरणका सम्बन्धमा गठित छानिबन समितिले आफ्नो प्रतिवेदन सार्वजनिक गरेको छ । समितिले आइतबार सार्वजनिक गरेको छानविन प्रतिवेदनमा तस्करी प्रकरणको अनुसन्धानबाट निस्केको निष्कर्ष र सुझावहरु समेटिएको छ । छानबिन समितिले मीनबहादुर घले र उनको समूह १४ केजी सुन तस्करी प्रकरणमा संलग्न रहेको खुलासा गरेको छ ।

मीनबहादुरले तस्करीका लागि विमानस्थलमा आफ्नो तस्करीको जालो फिँजाएको र उनले अहिलेसम्म १३८ किलो सुन तस्करी गरेको निष्कर्ष समितिको छ। २२ मंसिरमा दुबईबाट काठमाडौं आएका चन्द्र घलेलाई भन्सार कार्यालयले १४ किलो सुनसहित पक्राउ गरेको थियो । त्यसक्रममा तस्करीका मुख्य योजनाकार रहेका गोरखाका मीनबहादुर घलेलाई पनि पक्राउ गरेको थियो ।

घटनाबारे छानबिन गर्न भन्सार कार्यालयले त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मणिराम पौडेल नेतृत्वको उक्त छानबिन समिति बनाएको थियो ।

समितिले गरेको अनुसन्धानका क्रममा मीनबहादुरले दुबईमा रहेका अंकित अग्रवाल नाम गरेका व्यक्तिसँग सम्पर्क गरी नेपालमा सुन तस्करीको चाँजोपाँजो मिलाएको खुलेको छ।

विमानस्थलमा सेटिङ मिलाउन भने उनले डीबी भन्ने दनबहादुर गुरुङलाई प्रयोग गरेको छानबिन समितिको खुलासा छ। उनले विमानस्थलबाट सुन बाहिर निकाल्न त्यहाँ कार्यरत कर्मचारीहरुलाई प्रयोग गर्ने गरेको समेत खुलेको छ। घलेलाई एयरपोर्टमा कार्यरत नागरिक उड्डयन कार्यालयका एसी मेकानिक राधाकृष्ण श्रेष्ठ, कार्यालय सहयोगी लेकबहादुर तामाङ, सेवा निवृत्त भई करारमा कार्यरत रमेश देउला, एसी. शाखामा कामगर्ने सहयोगी अनिल श्रेष्ठ र प्लम्बर सेर बहादुर बस्नेतले सघाएको समितिको दाबी छ ।

भरियाले ल्याएको सुन विमानस्थलबाट बाहिर निकालीसकेपछि रमेश देउला, राधा कृष्ण श्रेष्ठ र अनिल श्रेष्ठले टोखास्थित सूर्यदर्शन हाइटमा रहेको पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियाको नक्कली डिमाण्ड बनाएर ठग्ने पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ पुस

सरकारले विदेशी कामदारको एप्रुभल रोकेको अवस्थामा नक्कली कम्पनीको नक्कली डिमाण्ड भिडाएर ठगी हुने क्रम बढेको मलेसियाको प्रहरीले बताएको छ । एक बंगलादेशीले महिनौंदेखि विदेशी कामदारका लागि नक्कली श्रम स्वीकृति नवीकरण सञ्चालन गरी नाफा कमाउँदै आएको देखिएको मलेसियाको प्रहरीले बताएको छ ।

नक्कली डिमाण्डको कारोबार गरेको अभियोगमा प्रहरीले एक बंगलादेशी युवालाई पक्राउ गरेपछि नक्कली डिमाण्डको र अन्य ठगीको धन्दा सार्वजनिक भएको हो । २६ वर्षीय बंगलादेशी युवाले नक्कली धन्दाको वास्तविकता लुकाउन मलेसियाको कम्पनी आयोग (सीसीएम)मा कम्पनीसमेत दर्ता गरेको भेटिएको प्रहरीले बताएको छ ।

मलेसियन प्रहरीले नक्कली डिमाण्डको कारोबारको धन्दाबाट ती बंगलादेशी नागरिकले मनग्गे रकम संकलन गरेको अनुमान लगाएको छ । गत मे महिनामा नक्कली कम्पनी दर्ता गरेका ती बंगलादेशीले वर्क पर्मिट नवीकरण नगराएका विदेशी कामदारको वर्क पर्मिट नवीकरण वा रिक्यालिब्रेसन कार्यक्रममा आवेदन गरिदिने र नक्कली मागपत्र बजाउने गरेको मलेसियाको अध्यागमन विभागले बताएको छ ।

## देशमा रोजगार नपाएपछि विदेश

**सुर्खेत/रासस–** सुर्खेत वीरेन्द्रनगर-३ की मानकुमारी विकका ३० वसन्त बितेका छन्। उनी बेलाबेलामा वैदेशिक रोजगारीका निम्ति भारत जान्छिन्। पाककलामा पारङ्गत भएपनि उनी भारतमा निर्माण मजदुरका रूपमा श्रम गर्दै आएकी छिन् । उनले सीपको स्वदेशमा सदुपयोग नहुँदा बाध्यतावश विदेशिनु परेको बताइन् ।

छोराछोरीको शिक्षा, दीक्षा र लालनपालनका लागि भारत जानुको विकल्प आफूसँग नरहेको मानकुमारी बताउँछिन् । उनले भनिन्, 'मैले होटल सञ्चालन गर्न कुकको काम जानेको छु तर लगानी गर्ने ल्याकत नहुँदा विदेशिनुपर्ने बाध्यता छ, सीप भएर मात्र नहुने रहेछ ।' पृष्ठ २ मा

पार्टनर चाहियो ।

चालु अवस्थामा भएको एक प्रतिष्ठित मेनपावरको लागि वैदेशिक रोजगारसम्बन्धी डिमाण्ड ल्याउन सक्ने ५० प्रतिशतको सेयर पार्टनर चाहियो ।

सम्पर्कः ९८४०३८६६४१

मध्यान्ह
www.madhyanhadaily.com
९ पुस २०८०, सोमबार
25 December 2023, Monday

# नेपालको हवाई सेवा ४१ देशमा विस्तार

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, ८ पुस

नेपाल सरकारले अन्तर्राष्ट्रिय हवाई सेवा विस्तारको लागि अन्तर्राष्ट्रिय वायु सेवा कम्पनीसँग सम्झौता विस्तार गर्दै आएको छ। हवाई सेवा दिने १८ वटा कम्पनीसँग सम्झौता गर्दै अन्तर्राष्ट्रिय सेवा विस्तार गरेको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले सरकारले यूरोपेली युनियन(ईयू) र अरु मुलुकहरुसँग छुट्टाछुट्टै हवाई सेवा सम्बन्धि सम्झौता गरिसकेको मध्यान्ह दैनिकलाई बताए ।

इन्डोनेसिया र स्वीटजरल्याण्डसँग दुई महिनापछि हवाई सेवा सम्झौता हुन लागेको जानकारी गराउँदै अन्य देशसँग पनि हवाई सेवा सम्झौता विस्तार गरिने लामिछानेले बताए। रुससँग पनि हवाई सम्झौता गर्ने कोसिस गरेको तर अझै निष्कर्षमा नपुगिएको मन्त्रालयका अधिकारीहरुले बताएका छन् ।

सरकारले नेपालबाट सिधा उडान गर्ने र




सम्बन्धित देशलाई पनि नेपालमा नियमित उडान गर्ने गरी हवाई सेवा सम्झौता गरेको छ। हवाई सम्झौतापछि सम्बन्धित देशले समयानुकूल समयमा उडान गर्नेछन् ।

हप्तामा कम्तिमा १४ वटा उडान भर्ने गरी दुईपक्षीय हवाई सेवा सम्झौता हुने बताउदै सहसचिव लामिछानेले अब हुन गैइरहेका अन्तर्राष्ट्रिय हवाई सम्झौतालाई सरकारले प्राथमिकता दिनेछ बताए । पर्यटन मन्त्रालयका अनुसार सरकारले अब काठमाडौं बाहिर १४ वटा उडान सरकारले गर्नेछ ।

यद्यपि सम्बन्धित वायुसेवालाई दैनिक दुईवटा उडान गर्दा एउटा भने काठमाडौं बाहिरका विमानस्थलमा अनिवार्य गर्नुपर्ने शर्त नेपालले राखेको छ ।

काठमाडौं बाहिर गर्नुपर्ने उडान सम्झौताबाट पोखरा र भैरहवा विमानस्थलमा उडान बढ्न सक्ने अपेक्षा सरकारको रहेको छ । त्यसो त पछिल्लो समय नवीकरण हुन थालेका सबै हवाई सेवा सम्झौतालाई पनि राजधानी बाहिरका विमानस्थलबाट उडान गराउनमा थालेको छ। सरकारले हालसम्म ४१ देशसँग हवाई सेवा सम्झौता गरिसकेको भएता पनि उडान भने मुस्किलले १८ देशहरुसँग भइरहेको छ । ती देशमा ३० वटा उडान भइरहेको छ । नेपालमा नियमित उडान गर्नेमा संयुक्त अरब इमिरेट्स (यूएई)को एयर अरेविया अवुधावी, एयर अरेविया, फ्लाई दुबई, चीनको एयर चाइना, चाइना इस्टर्न, चाइना साउर्दन, तिब्बत एयरलाइन्स, सिचुवान, भारतको एयर इन्डिया, इण्डिगो, भिस्तारा लगायतले उडान गरिरहेका छन्।

यसैगरी बंगलादेशबाट विमान वंगलादेश, भुटानबाट भुटान एयरलाइन्स र ड्रुक, कुवेतको जजीरा र कुवेत एयरलाइन्स, कोरियाको कोरियन एयरले उडान गरिरहेको छ। मलेसियाबाट मेलेसियान एयरलाइन्स र मालिन्दो, कतारबाट कतार, ओमानबाट सलाम, सिंगापुरबाट सिंगापुर एयरलाइन्स, श्रीलंकाबाट श्रीलंकन एयरलाइन्स, टर्किबाट टर्किस एयर, थाइल्याण्डबाट एयर थाइ र थाइ लायोनले नेपालमा नियमित उडान गरिरहेका छन्। नेपालबाट भने सम्झौता अनुसार अन्तर्राष्ट्रिय मुलुकहरुमा उडान हुन सकिरहेको छैन ।

# एक वर्ष नबित्दै चर्किन थाल्यो विद्यालयको पर्खाल

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ८ पुस

सप्तरीको महादेवा गाउँपालिका-३ मा रहेको एक सामुदायिक विद्यालयमा बनाइएको पर्खाल एक वर्ष नबित्दै ठाउँ-ठाउँमा चर्किन थालेको छ ।

गत आर्थिक वर्ष प्रदेश सरकारले उक्त वडाको बथनाहा टोलमा अवस्थित श्री द्वारिका, श्री लाल सातनी यादव उच्च माध्यमिक विद्यालयमा बनाइएको उक्त पर्खाल चर्किन थालेको हो ।

आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारको ३० लाख बजेटमा निर्माण गरिएको उक्त पर्खाल बनेको एक वर्षमै चर्किन थालेपछि स्थानीयहरुले निर्माणकर्ता उपर अनियमितताको आरोप लगाएका छन् ।

उक्त बजेटमा करिब एक सय ४० मिटर पर्खाल जोडिएको छ । विद्यालयको दक्षिणतर्फ निर्माण गरिएको पर्खाल जमिन लेभलबाट करिब ८ फिट अग्लो र १० इन्च मोटो रहेको स्थानीयहरुले जानकारी दिएका छन् । सोही बजेटमा दक्षिणतर्फ सानो गेट समेत निर्माण गरिएको छ । उक्त दिवाल निर्माण सम्पन्न भएको एक वर्ष नबित्दै



चर्किन शुरु गरेपछि स्थानीयहरु आक्रोशित भएका छन् । स्थानीयले कमसल ईंट्टा र सिमेन्ट प्रयोग गरिएको हुन सक्ने बताएका छन् । पर्खाल निर्माणमा रकम अनियमितता समेत भएको हुन सक्ने स्थानीयको आशंका छ । पर्खालमा सिमेन्टको प्रयोग कम र बालुवाको बढी गरिएकाले चर्किन शुरु भएको हो । विद्यालयका प्रधानाध्यापक युद्ध नारायण यादवले पर्खाल निर्माण सम्बन्धमा आफुलाई केही जानकारी नदिएको बताए । प्रदेश सरकारको बजेटमा निर्माण गरिएको यस पर्खालको उपभोक्ता समितिबारे आफुलाई केही जानकारी नरहेको उनले बताए । विद्यालयसँग समन्वय नै नगरी दाता परिवारका एक जना सदस्यले प्रदेशको बजेटमा गोप्य रुपमा उपभोक्ता समिति बनाएको उनले बताए । पटक-पटक उपभोक्ता समिति र लागत इस्टिमेट पेपर समेत नदेखाएको प्रधानाध्यापक यादवको भनाइ छ ।

उपभोक्ता समितिमार्फत निर्माण गरिएको उक्त पर्खाल कमसल निस्केपछि स्थानीयहरुले छानबिन गर्नुपर्ने माग राखेका छन् । कार्यान्वयन इकाईका प्राविधिकहरुको मिलोमतोमा उपभोक्ता समितिले कमसल निर्माण गरी रकम लिएको उनीहरूको आरोप छ । यस विद्यालयमा संसदीय कोषबाट निर्माण गरिएको आठकोठे नयाँ भवनको पर्खालमा समेत चिरा पर्न थालेको छ । त्यस्तै प्रदेश सरकारको बजेटमा निर्माण गरिएको उक्त पर्खाल चर्किन शुरु भएपछि उनीहरुले छानबिन गरी अनियमिततामा संलग्न सबैलाई कानूनी कारबाही गरिनुपर्ने माग राखेका छन् ।

वि.स.२००९ सालमा स्थापना भएको उक्त विद्यालय जिल्लाकै पुरानोमध्येको एक माध्यमिक विद्यालय हो । स्थानीय तीन दाजुभाइहरु द्वारिका यादव, लाल यादव र सातनी यादवले जग्गा दान दिइ स्थापना गरेको उक्त विद्यालयमा १३ बिघा रहेको छ । बालविकासदेखि कक्षा १२ सम्म पठनपाठन भइरहेको उक्त विद्यालयमा २० भन्दा बढी शिक्षकहरु कार्यरत रहेका छन् ।

# युडब्लुएस नेपालले संखुवासभासहित चार जिल्लाका ७६ विद्यालयमा लगानी गर्दै

संखुवासभा/मस-युडब्लुएस नेपालले संखुवासभासहित चार जिल्लाका ७६ विद्यालयमा लगानी गरेको जनाएको छ ।

उसले ७६ विद्यालयमा ५ सय ९ वटा कक्षा कमेटा निर्माण गरिसकेको छ । जसका कारण १३ हजार ९ सय २८ विद्यार्थीलाई प्रत्यक्ष फाईदा पुगेको दाबी गरेको छ ।

खाँदबारीमा शनिबार आयोजित स्थानीयका सरोकारवालाहरको छलफलमा संखुवासभाका १० मध्ये ९ पालिकाका ४९ विद्यालयमा सुधारका कार्यक्रम लागू गरेको जानकारी दिएको छ । यस बाहेक गुल्मीमा १८ र ताप्लेजुङका ५ विद्यालयमा कार्यक्रम



सञ्चालन गरेको छ । आगामी वर्ष भोजपुर, हुम्ला, धनकुटा र तनहुँमा पनि यो कार्यक्रम अघि बढाइने वरिष्ठ शिक्षा अधिकृत अनुज सिग्देलले जानकारी दिए ।

उनका अनुसार एउटा विद्यालयको भवन निर्माणमा ३५ देखि ४५ लाखसम्मको लागत लागेको उनको भनाइ छ । २०७२ सालमा स्थापना भएको संस्थाले गुल्मी, ताप्लेजुङ र संखुवासभामा गरी ७२ वटा विद्यालय भवनहरु निर्माण गरिसकेको सिग्देलले बताए । गुणस्तरीय शिक्षा प्रवर्द्धनमा युडब्लुएस र स्थानीय तहको भूमिकाबारे समीक्षात्मक कार्यक्रममा सो कुराको जानकारी गराइएको हो । ग्रामीण क्षेत्रका सिमान्तकृत र पछाडि परेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन संस्थाले काम गर्दै आएको छ । विद्यालयमा विद्यार्थीले बिचैमा कक्षा छाड्ने दरलाई कम गर्न परियोजनाले काम गरेको उनको भनाइ छ । विद्यार्थीले बिचैमा कक्षा छाड्नुको कारण पहिचान गरी रोक्नका लागि विद्यालय अवधारण टोली गठन गरी काम गर्दैआएको र ९८ प्रतिशत सफल भएको परियोजनाका प्रतिनिधिले जनाएका छन् । परियोजनाले पाँच वर्षसम्म विद्यालय सञ्चालन गर्ने र त्यसपश्चात स्थानीय तहलाई हस्तान्तरण गर्ने जनाएको छ ।

आधारभूत तहमा शिक्षाको जग राम्रो बसाउन आफूहरुले हरदम प्रयास गरेको सिनियर एजुकेसन म्यानेजर नतासा काफ्लेले बताइन् । १८ वटा विद्यालयका एक हजार ३४१ विद्यार्थीलाई निरन्तर शिक्षामा जोड्न आफूहरु सफल भएको काफ्लेको भनाइ छ । ६ वटा स्थानीय तहमा यो परियोजनाले काम गरेको र अन्य स्थानीय तहमा पनि मागको आधारमा कार्यक्रमहरु गर्दै जाने परियोजनाका प्रतिनिधिले बताएका छन् ।

# समाज सेवा अभियान रुपन्देही कतारको नेतृत्वमा पौड्याल

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ८ पुस

कतारमा रहेका रुपन्देहीबासीहरूको साझा सामाजिक संस्था समाज सेवा अभियान रुपन्देही कतारको 'आठौं अधिवेशन तथा १५ औं स्थापना दिवस' शुक्रबार सम्पन्न भएको छ ।

दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट लक्ष्मण पौड्यालको नेतृत्वमा आगामी एक कार्यकालका लागि नयाँ कार्यसमिति निर्विरोध चयन भएको छ ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा शंकर प्रसाद न्यौपाने, उपाध्यक्ष डिल्लीराम भट्टराई(दीप), महिला उपाध्यक्ष हेमा कुमारी न्यौपाने, महासचिव रामलाल पराजुली (कुसुम), सचिव मनोज कुँवर, कोषाध्यक्ष चन्द्र बहादुर फुल्लेले, सह-कोषाध्यक्ष छविलाल सूचीकार रहेका छन् ।

कार्यसमिति सदस्यहरूमा रमेश न्यौपाने, रवीन्द्र आचार्य, कुवेर राना, चन्द्र कुँवर रहेका छन् । नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक ई.अर्जुन प्रसाद भट्टराईले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

प्लाजा मलस्थित रेड चिल्ली



रेस्टुरेन्टमा समाजका कार्यवाहक अध्यक्ष डिल्ली राम अर्याल को सभापतित्व तथा संस्थाका संरक्षक इ.अर्जुन प्रसाद भट्टराईको प्रमुख आतिथ्यतामा अधिवेशनको खुल्ला सत्र सम्पन्न भएको थियो । कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधि, बुद्धिजीवी समाजसेवी तथा रुपन्देहीबासीहरुको उपस्थितिमा सम्पन्न अधिवेशनमा बोल्ने वक्ताहरूले समाजलाई थप सुधार गर्दै सामाजिक कार्यमा अगाडि बढ्न अधिवेशनबाट बन्ने नयाँ कार्यसमितिलाई शुभकामना दिएका थिए ।

भीम तरामु मगरले स्वागत मन्तव्य राखेको अधिवेशनमा सचिव छविलाल सूचिकारले दुई वर्षे कार्यकालमा समाजले रचनात्मक, मानवीय तथा सामाजिक हितमा गरेका कामको प्रगति विवरण पेस गरेका थिए । साहित्यकार दीप मिलनले आफ्नो गजल वाचन गरेका थिए भने अनिल विश्वकर्मा र लक्ष्मी कार्कीले सांगीतिक प्रस्तुति दिएका थिए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै अधिवेशनका प्रमुख भट्टराईले समाज विकसित र आधुनिकतर्फ लम्किँदै गर्दा विकृतिले प्रसय पाइरहेकोप्रति चिन्ता व्यक्त गर्दै समाजलाई आफ्नो सदैव साथ रहने प्रतिवद्धता व्यक्त गरे ।

महासचिव शंकर प्रसाद न्यौपानेले सहजीकरण गरेको अधिवेशनको समापन गर्दै सभापति अर्यालले २ वर्षे कार्यकाल सफल बनाउन सहयोग गर्ने र समाजसँग सहकार्य गर्ने सबैप्रति धन्यवाद ज्ञापन गरेका थिए । 'सामाजिक तथा आर्थिक विकास अभियानमा सहकार्य, आत्मनिर्भरता र समृद्ध जीवन सबैको लागि अपरिहार्य' भन्ने नारा लिँदै सन् २००९ मा समाजको स्थापना गरिएको थियो ।

# केदारस्युँ गाउँपालिकाद्वारा अटोको भाडादर निर्धारण

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, ८ पुस

बझाङको केदारस्युँ गाउँपालिकाले अटोको भाडादर निर्धारण गरेको छ । पालिकाको रुट इजाजतपत्र तथा भाडादर निर्धारण समितिले नयाँ भाँडादर निर्धारण गरेको हो । पालिकाभित्र चल्ने अटोका चालकहरुले यात्रुबाट मनपरी ढंगले भाडा असुल्न थालेको जनगुनासो आएपछि नयाँ भाडादर निर्धारण गरिएको पालिकाले जनाएको छ । नयाँ भाडादर देउरादेखि सुडिखोलासम्म १ सय ४० रुपैयाँ, देउरा झोता १ सय ३० रुपैयाँ, देउरा ढोडेखेत १ सय २० रुपैयाँ, देउरा सहजपुर १ सय रुपैयाँ, देउरा रायल ६५ रुपैयाँ, देउरा मोरायल पुल ३० रुपैयाँ, देउरा चौडाम बगर २० रुपैयाँ, देउरा खेतकुचा १ सय २० रुपैयाँ, देउरा बागथाला ८० रुपैयाँ, बागथाला झोता २ सय १० रुपैयाँ, बागथाला ढोडेखेत २ सय रुपैयाँ, बागथाला सहजपुर १ सय ८० रुपैयाँ, बागथाला रायाल १ सय ४५ रुपैयाँ, बागथाला मोरायल १ सय १० रुपैयाँ, बागथाला चौडाम बगर १ सय ५ रुपैयाँ, बागथाला देउरा ८० रुपैयाँ, बागथाला खेतकुचा ३० रुपैयाँ भाडादर निर्धारण गरिएको छ ।

त्यस्तै झोता खेतकुचा २ सय ४० रुपैयाँ, झोता बागथाला २ सय १० रुपैयाँ, झोता देउरा १ सय ३० रुपैयाँ, झोता चौडामबगर १ सय ५ रुपैयाँ, झोता मोरायल १ सय रुपैयाँ, झोता रायाल ६५ रुपैयाँ, झोता सहजपुर ३० झोता ढोडेखेत १० रुपैयाँ र झोता सुडिखोला सम्मको भाडादर १० रुपैयाँ नयाँ भाडादर कायम गरिएको छ । यो भाडादर सोमबारदेखि लागु हुने भएको छ ।

त्यस्तै केदारस्यूँ गाउँपालिकाले अटो रिक्सा इ-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि निमार्ण गरेको छ । पालिकाका विभिन्न ठाउँमा अटो सञ्चालनमा आइरहेको र त्यसको व्यवस्थापन र नियमन कार्यविधि निर्माण गरिएको हो । पछिल्लो समयमा लाइसेन्स विना नै अटो सञ्चालन गर्दा तथा क्षमताभन्दा बढी यात्रु बोक्दा दुर्घटनाको सम्भावना बढ्दै गएकोले उक्त कार्यविधि निर्माण गरिएको पालिका प्रमुख प्रशासकीय अधिकृत पदमराज उपाध्यायले बताए । उनका अनुसार माग २ गतेसम्म अटो चालकलाई लाइसेन्स नभए लाइसेन्स लिन गाउँपालिकाबाट इजाजत नलिएको भए लिन समय दिइएको छ । उक्त निर्धारण गरिएको कार्यविधि पारित हुन बाँकी रहेको छ । केही दिनमै कार्यविधि पारित गरी माग २ गतेदेखि लागु हुने भएको छ ।

## डिपी अधिकारी भारतमा 'अन्तर्राष्ट्रिय अभिमान पुरस्कार'बाट सम्मानित

**काठमाडौं/मस**-नेपालका डेक प्रसाद अधिकारी 'गोपाल' लाई भारतमा 'अन्तर्राष्ट्रिय अभिमान पुरस्कार'बाट सम्मान गरिएको छ । भारतको नयाँ दिल्लीमा हालै आयोजना भएको अन्तर्राष्ट्रिय अभिमान पुरस्कारबाट उपस्थित विशिष्ट व्यक्तित्वहरूमाझ उनलाई सम्मान गरिएको हो । कार्यक्रममा एसियाका विभिन्न देशका ३० भन्दा बढी व्यक्तित्वहरू विभिन्न उपाधिबाट सम्मानित भएका छन् । दिल्लीको मण्डी हाउसस्थित अडियोटोरियलको हलमा आयोजित कार्यक्रममा भारतीय विधायक, राजनीति दलका नेता विशिष्ट कलाकारहरुको हातबाट पुरस्कार वितरण गरिएको थियो ।

१५ वर्षभन्दा लामो समयदेखि नेपाली कला संस्कृतिको साथै विश्वका कला संस्कृतिको सम्बर्द्धन तथा प्रवर्द्धन गर्दै आएका अधिकारी विभिन्न संघसंस्थामा



आबद्ध छन् । उनी कला र संस्कृतिसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूमा पनि उच्च पदमा रही काम गर्दै आएका छन् । अधिकारीले विश्वको कला संस्कृतिको सम्बर्द्धन तथा प्रवर्द्धनमा पुऱ्याएको योगदान स्वरूप उक्त सम्मान प्रदान गरिएको हो । सम्मानित अधिकारीले भने, 'पुरस्कारले मलाई अझ जिम्मेवारी थपेको बोध गराएको छ ।'

# हुम्लामा गरिबी न्यूनीकरणमा जुट्दै तीन संस्था

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ८ पुस

हुम्लाका तीन वटा संस्थाले जिल्ला परियोजना सल्लाहकार समितिको बैठक सम्पन्न गरेका छन् । हुम्लामा लामो समयदेखि काम गर्दै आएको स्नोल्याड एकीकृत विकास केन्द्र, गुडनेवर्स, र किडाक नेपालको आयोजनामा सञ्चालन भएको बैठकमा तीन वटै संस्थाले हुम्ला जिल्लामा गरेको कामको विवरण, स्थानीय सरकारको सहयोग, गाउँघरमा गरिएका कामको प्रभावकारिताका विषयमाथि बैठकमा छलफल भएको थियो ।

स्नोल्याड एकीकृत विकास केन्द्र र गुडनेवर्सको तर्फबाट सहकारी व्यवसाय विकास अधिकृत रमेश बहादुर शाहीले गरेको सहजीकरणमा दुई वटै संस्थालेसँगै काम गर्दै आएको बताए ।

उनले जिल्लामा न्यून आयस्रोत भएका २ हजार १ सय ५६ जना विद्यार्थीलाई विभिन्न सामग्री उपलब्ध गराएको, चार वटा गाउँपालिकामा गरिबी न्यूनीकरण गर्ने लक्ष्यले नौ सहकारी संस्था खोलिएको, त्यस्तै जिल्लाका दूरदराजमा भएका स्वास्थ्य संस्थालाई औषधि उपलब्ध गर्दै आएको, उत्पादनमुखी किसानलाई पाल, बीउ, हजारी, मल, रोग किराको औषधि लगायत वितरण गर्दै आएको बताए ।

त्यस्तै किसानको खेतको माटो परीक्षण गरेर कुन माटोमा कस्तो बस्तु फल्छ जस्ता काम गर्दै आएको उनले बताए ।



त्यस्तै जिल्लाका बेरोजगार युवालाई विभिन्न तालिम प्रदान गर्ने गरेको कामको विवरणमा उल्लेख गरेको थियो ।

त्यस्तै किडाक नेपाल हुम्लाका जिल्ला संयोजक नजक बुढाले हुम्ला जिल्लामा सञ्चालन हुँदै आएका विद्यालयको क्षेत्रमा काम गर्दै आएको बताए । किडाकले अहिलेसम्म जिल्लाका ५६ विद्यालयका २ हजार १ सय ७३ जना विद्यार्थीलाई पढाउँदै आएको कामको तालिकामा उल्लेख गरिएको थियो । अहिलेसम्म शिक्षा, गुणस्तरिय शिक्षा, गरिबी निवारण, बाल अधिकार जस्ता विषयमा काम गर्दै आएको छ । किडाकले जिल्लाका दुर्गम गाउँ हेरेर विद्यालय पनि निर्माण गर्दै आएको छ ।

आइतबार भएको जिल्ला परियोजना सल्लाहकार समितिको बैठकमा प्रमुख जिल्ला अधिकारी बिनोद कुमार पोखेलले जिल्लाको भौगोलिक हेरेर काम गर्दै आएको र यसलाई आफुले सहयोग गर्ने बताए ।

सिमकोट गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुवास आलेले स्थानीय सरकारबाट हरेक काममा त्यति सहयोग नदेखिएको भन्दै अब हातेमालो गरेर जाने बताए ।

जिल्लामा विकास गर्ने स्थानीय सरकार मात्र नभएर यस्ता संस्थाबाट पनि विकास हुने भएकाले हरेक ठाउँबाट सबैले सहयोग गर्नुपर्ने जिल्ला समन्वय प्रमुख शिव राज शर्माले बताए । बैठकमा सिमकोट गाउँपालिका आठ वटै वडा अध्यक्ष विभिन्न संस्थाका प्रमुख प्रतिनिधि स्नोल्याड एकीकृत विकास केन्द्रका प्रमुख, गुटनेवर्स हुम्लाका प्रमुख, किडाक नेपालका प्रमुख, बालकलपका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

## एमालेले...

प्रजातिका फलफूलहरु, एभोकाडी, किवी र ड्रयागन फ्रुट जस्ता नयाँ फलफूलहरुको बजारको विषय उठाएको छ ।

पञ्चेश्वर, पश्चिमसेती, माथिल्लोकर्णाली, कालीगण्डकी, मध्यमर्स्याङ्दी, बुढीगण्डकी, सुनकोशी, दुधकोशी, अरुण, तमोर र काबेली जस्ता परियोजनाहरु सञ्चालनमा रहेको उल्लेख गर्दै एमालेले यी योजनाहरुको सही कार्यान्वयन र परियोजनाको लाभ स्थानीय समुदायले पनि न्यायोचित रुपमा पाउने सुनिश्चित ढाँचा निर्धारण गर्न सके यस क्षेत्रको कायापलट गर्न सकिने निष्कर्ष निकालेको छ ।

यात्राको स्वागतमा देखिएका स्थानीय बाजागाजा, लोकसंस्कृति र गीतसंगीत एवं रैथाने उत्पादन र खानाको प्रस्तुतिले यात्रा आफैँमा मेला महोत्सव जस्तो बन्न पुगेको उल्लेख गर्दै संरक्षणका लागि प्रयाप्त तयारीको खाँचो औंल्याएको छ ।

मध्यपहाडी क्षेत्र खानी र खनिजजन्य पदार्थका दृष्टिले पनि एकदमै संभावनायुक्त क्षेत्र रहेको पुनर्पुष्टि यस यात्राका क्रममा भएको उल्लेख गर्दै एमालेले दैलेखमा अन्वेषण र उत्खनन हुँदै गरेको पेट्रोलियम र ग्यास, बैतडी जिल्लाको फस्फोराइट तथा म्याग्नेसाइट, जाजरकोट लगायतका जिल्लामा पाइने मूल्यवान पत्थर, दोलखाको म्याग्नेसाइट र विभिन्न स्थानहरुमा पाइने चुनढुंगालाई दृष्टान्तका रुपमा प्रस्तुत गरेको छ ।

खानी र खनिज पदार्थमा नेपालको राष्ट्रिय स्वामित्व सुनिश्चित हुने र वातावरणको समेत संरक्षण हुने गरी अन्वेषण, उत्खनन र प्रशोधन गर्न सकेमा पहाडको समृद्धिका लागि महत्वपूर्ण आधार बन्न सक्ने भनी एमालेले समस्या औंल्याएको हो ।

## बसाइँसराइ...

उत्पादनले बजार, उचित मूल्य र संरक्षण नपाउनु पनि बसाइँसराइको कारण बन्न पुगेको भनेको छ ।

एमालेका अनुसार जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरुको स्पष्ट छाया मध्यपहाडी क्षेत्रमा अनुभूत गर्न सकिन्छ । पानीका मुहानहरु सुकिरहेका छन् ।

उद्यमी व्यवसायीहरु निकै निराश र हतोत्साहित अवस्थामा देखिएका छन् । पछिल्लो समय विकास निर्माणका कामहरु ठप्प प्राय देखिएको पनि एमालेले बताएको छ ।

## गणतन्त्रकै...

पुनर्स्थापना गर्ने प्रयासलाई कुनै पनि हालतमा सफल हुन दिनेछैनौं ।'

लोकतान्त्रिक गणतन्त्रको विकल्प अझ उन्नत स्तरको लोकतान्त्रिक गणतन्त्र मात्रै हुन सक्ने एमालेको निष्कर्ष छ ।

जनताका प्रतिनिधिहरुका हातबाट लोकतान्त्रिक संविधान बनिसकेको र जनताका अधिकारहरु संवैधानिक दृष्टिले सुनिश्चित भइसकेको वर्तमान अवस्थामा सुशासन, समृद्धि र विकास नै मुलुकका सर्वोपरि प्राथमिकताका कार्यसूची भएको एमालेले बताएको छ । एमालेका अनुसार संकल्प यात्राका निष्कर्षका आधारमा निर्देशन छिटै पार्टीका प्रदेश तथा जिल्ला कमिटीहरुमा पठाइने छ ।

## राष्ट्रिय...

सभाको अध्यक्ष छाडे संवैधानिक परिषदमा माओवादीको उपस्थिति शून्य रहनेछ । संवैधानिक परिषदमा आफ्नो उपस्थिति शून्य हुने गरी जान माओवादी तयार छैन । तर, कांग्रेसका कतिपय नेताहरु प्रचण्डले सहजै प्रधानमन्त्री नछाड्ने निष्कर्षसहित राष्ट्रिय सभाको अध्यक्षमा बलियो गरी दाबी प्रस्तुत गरिरहेका छन् ।

## विमानस्थलमा...

डि.वी. गुरुङको घरमा पुऱ्याउने गरेको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ ।

करिब एक महिनाको अध्ययनपछि समितिले विमानस्थलबाट हुने तस्कर नियन्त्रणका लागि नीतिगत र कार्यगत सुझाव समेत दिएको छ। तत्कालका सूचना समन्वय गर्ने तथा आइपरेका समस्याहरुको समधान गर्न संयुक्त समन्वय कक्ष स्थापना गर्न समितिले सुझाव दिएको छ। नेपालबाट दुवई, सिंगापुर, हङकङ, थाइल्याण्ड लगाएतका देशमा पटक-पटक यात्रा गर्ने यात्रुहरुको सूचना भन्सार तथा प्रहरीलाई दिने लिने व्यवस्था मिलाउने पनि समितिले सुझाव दिएको छ । त्यस्तै ती देशका भन्सारमा यात्रुले घोषणा गरेको विवरण अग्रिम रुपमा प्राप्त गर्ने व्यवस्था मिलाउन समेत छानबिन समितिले दिएको छ।

समितिले व्यक्तिगत सवारी सधानहरु सुरक्षा जाँच केन्द्र भन्दा भित्र लैजान रोक्नुपर्ने, आयल निगमको सिनामंगल चोकस्थित गेटमा 'मेटल डिटेक्टर' राख्नुपर्ने, विमानस्थलको आगमन तर्फको शौचालयको अपाङ्गमैत्री क्याविनको भित्रपट्टी सुन लुकाउन मिल्ने गरि छिद्रहरु रहेकाले सुधार गर्नुपर्ने लगायतका कार्यगत सुझाव दिएको छ। त्यस्तै भिआईपी कक्षमा सुरक्षा प्रहरीको २४ सै घन्टा ड्युटी रहने गरी संयुक्त सुरक्षा व्यवस्था मिलाउन र सरसफाई कर्मचारीहरुको झोला टिफिन लगाएतका सामानहरु राख्नका लागि राखिएको हुनाले त्यसलाई हटाउन सुझाव दिएको ।

विमानस्थल पासको समेत दुरुपयोग हुने गरेको भन्दै छानबिन समितिले चमेना गृह, मुद्रा सटही काउन्टर, सीआईपी लाउन्ज लगाएतका कर्मचारीहरुको विमानस्थल पास ड्युटी नभएको अवस्थामा निग्रानीमा राख्ने व्यवस्था मिलाउन समेत समितिले सुझाव दिएको छ ।

## देशमा...

स्वदेशमै व्यवसाय गर्ने वातावरण बनाउन मानकुमारीले सरकारसँग माग गरेकी छन् । उनले भनिन्, 'म स्देशमै बसेर आफूले जानेको सीप प्रयोग गर्न चाहन्छु । त्यसका लागि मलाई सहयोग चाहिएको छ, यसमा वीरेन्द्रनगर नगरपालिकाले ध्यान दिनुपऱ्यो,' उनले भनिन् ।

मानकुमारीजस्तै वडा नं ३ की धना नेपालीले पनि सिलाइबुनाइसम्बन्धी सीप जानेकी छिन् । उनले पनि आफ्नो सीप प्रयोग गर्ने वातावरण पाएकी छैनन् । धनाको परिवारको आर्थिक अवस्था कमजोर छ । रोगका कारण श्रीमान काम गर्न नसक्ने अवस्थामा छन् ।

यसैबीच विश्व आप्रवासन दिवसका अवसरमा वीरेन्द्रनगरमा शनिबार भएको एक कार्यक्रममा सहभागी युवाले सीप र उत्पादनमुखी कार्यक्रम सञ्चालन गर्न सके स्वदेशमै स्वरोजगार बन्न सकिने बताए । पछिल्लो समय वैदेशिक रोजगारीका कारण असुरक्षा र आपराधिक घटना बढ्दै गएको भन्दै उनीहरूले त्यसतर्फ पनि सचेत हुनुपर्नेमा जोड दिएका छन् । वैदेशिक रोजगारीमा पुरुषभन्दा महिला बढी सुरक्षा जोखिममा रहेको सहभागीहरुको भनाइ थियो ।


KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: NATIONAL CATERING CO.GEN.TRAD.& CONT — शहर: Kuwait
पूर्व स्वीकृत मिति: 2023/03/09 — चलानी नं.: ६०१९७७९४ — LT. No.: 282313 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६०,५१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | cleaner | 3 | 0 | | 85 | ३६,७४२ | | | | | | | |
| 3. | Light Driver | 15 | 0 | | 140 | ६०,५१६ | | | | | | | |
| 4. | waiter | 25 | 0 | | 120 | ५१,८७१ | | | | | | | |
| 5. | Waitress | 0 | 7 | | 120 | ५१,८७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस १६ गते (1 January 2024) मा हुनेछ ।

२. कम्पनी: ARABCO INTERNATIONAL GROUP COMPANY FOR GENERAL TRADING AND CONTRACTING — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०३/०१ — चलानी नं.: ६०२०३२१५ — LT. No.: 287876 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 8 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,८७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gypsum Board (Carpenter) | 8 | 0 | | 120 | ५१,८७१ | | | | | | | |
| 3. | Helper / Worker | 15 | 0 | | 90 | ३८,९०३ | | | | | | | |
| 4. | Plumber | 15 | 0 | | 120 | ५१,८७१ | | | | | | | |
| 5. | Spray Painter | 15 | 0 | | 120 | ५१,८७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस १६ देखि २५ गतेसम्म (1 to 10 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9801026390 | 9803126395 | 9818550053



साउदीमा रोजगार

कम्पनी : DAWAAM AL SAADAH FOR FAST FOOD EST. — शहर : Dammam
पूर्व स्वीकृत मिति: २०८०/०६/१२ — चलानी नं.: ६०२०८४२० — LT. No.: 293302 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस १६ गते (1 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

S.N. RECRUITING SERVICE PVT. LTD. — Govt. License 1284/074/75
S.N.Recruiting Service Pvt.Ltd.
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884
E-mail : snrecruitingnepal@gmail.com



मलेसियामा रोजगार

कम्पनी: SUN NGAI SING MOULD INDUSTRIES SDN BHD — शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०८०/०९/०८ — चलानी नं.: ६०२११९८६ — LT. No.: 296990

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस १६ गते (1 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

License No.: 1406/074/075
KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

# जुम्ला विमानस्थलमा एक दिन अगाडि नै टिकट वितरण गरिने

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ८ पुस



जुम्ला विमानस्थलमा भएको भद्रगोल अवस्था अन्त्य गर्नका लागि आइतबार सरोकारवालाको बैठक बसेको छ । जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेको अध्यक्षतामा बसेको उक्त बैठकले टिकट वितरण प्रणालीलाई पारदर्शी बनाउनका लागि एक दिन अघि नै टिकट वितरण गर्ने निर्णय गरेको छ ।

त्यस्तै जुम्लाका सरोकारवाला निकायका पदाधिकारीहरूले जुम्ला विमानस्थलमा सञ्चालित प्रत्येक वायुसेवा कम्पनीहरूले एकआपसमा सहकार्य गरी कार्यालय खोलेर डायरीमा नाम लेख्ने व्यवस्था मिलाएर पारदर्शीरूपमा टिकट बिक्री वितरण गर्ने निर्णय गरेका छन् । वायुसेवा कम्पनीहरूले १० सिट आ-आफ्नो कार्यालयबाट सर्वसाधारणका लागी दिने छन् ।

त्यस्तै बिरामी, अशक्त, सुरक्षाकर्मी तथा अन्य आकस्मिक काम परेका व्यक्तिका लागि सिटको व्यवस्था गर्ने निर्णय गरिएको जुम्लाका प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए । उनका अनुसार सिता ऐयरको हकमा एक सिट सुरक्षाकर्मी, एक सिट बिरामी र एक सिट सरकारी निकायलाई दिइने छ । सार्वसाधारण र बिरामीको पहुँचमा जहाजको टिकट नभएको भन्दै यस्तो निर्णय गरिएको हो ।

टिकट वितरण प्रथामिकताको आधारमा गरिने छ । 'ए' लेखिएको टिकट जरुरी काम परेकालाई दिइने छ । 'बी' लेखिएको टिकट बिरामीका लागि, 'सी' लेखिएको टिकट सरकारी कर्मचारीलाई दिइने छ । यसअघि पनि विजय कुमारी प्रसाईं प्रमुख जिल्ला अधिकारी हुँदा जुम्ला विमानस्थलमा सर्वपक्षीय बैठकले बिरामीलाई पहिलो प्राथमिकतामा राखेर टिकट व्यवस्थापन गर्नुपर्ने निर्णय गरेको थियो । त्यस्तै जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले पहिलो चरणमा जुम्लामा हुने उडानमा टिकट प्रणाली व्यवस्थापन गर्न सबैको सहयोग आवश्यक रहेको बताए । जुम्लामा वर्षौंदेखि जहाजको टिकट वितरण प्रणाली राम्रो नभएकाले बिरामी र सार्वसाधारणले दुःख भोग्नु परेको गुनासो आएको थियो । उनका अनुसार एक हप्ताभित्र १० बजेदेखि साँझ ४ बजेसम्म प्रत्येक एयरलाइन्सले कार्यालय खोलेर टिकट वितरण गर्नुपर्ने छ ।

स्थानीय प्रशासनको आयोजनामा जहाजको टिकट प्रणाली व्यवस्थापनका विषयमा भएको छलफलमा जनप्रतिनिधि, जहाजका प्रतिनिधि, नागरिक समाज, मानव अधिकार आयोगका प्रतिनिधि तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

## 'अपराध नियन्त्रण गर्न प्रशासनले कुनै कसर बाँकी राख्दैन'



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ८ पुस

रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले जिल्लामा अपराध नियन्त्रण गर्न प्रशासनले कुनै कसर बाँकी नराख्ने बताएका छन् । आइतबार पत्रकारहरुसँगको भेटघाट तथा परिचयात्मक कार्यक्रम प्रजिअ रेग्मीले समाजमा अपराधका स्वरूपहरू फेरिँदै गएकाले अपराध नियन्त्रण गर्न प्रशासनले कुनै कसर बाँकी नराख्ने बताएका हुन् । आफ्ना कार्यकालमा सेवा प्रवाहमा नागरिकलाई कुनै प्रकारको दुःख, कष्ट एवम् समस्या आउन नदिने उनले बताए ।

पर्सा जिल्लाबाट सरुवा भइ रौतहटको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हालेका रेग्मीले कार्यभार सम्हालेको ३ दिनपछि आइतबार पत्रकारहरुसँग परिचयात्मक कार्यक्रमको आयोजना गरेका हुन् । जिल्ला प्रशासन कार्यालय गौरको सभाकक्षमा आयोजित कार्यक्रममा जिल्लाका विभिन्न सञ्चारमाध्यममा आवद्ध पत्रकारहरुले जिल्लाका विभिन्न विषयवस्तुबारे आ-आफ्ना कुरा राख्दै सुधारका लागि प्रजिअ रेग्मीलाई ध्यानाकर्षण गराएका थिए ।

मिटर ब्याजबाट पीडितहरुले सहज रुपमा न्याय नपाएको, भारतबाट विभिन्न मालसामानको व्यापक रुपमा चोरी तस्करी बढेको, सिमानाकामा प्रहरीद्वारा सर्वसाधारण नागरिकलाई गरिने हस्तक्षेप लगायतका विभिन्न विषयवस्तुबारे पत्रकारहरुले प्रश्न गर्दै सुधारका लागि प्रजिअ रेग्मीलाई ध्यानाकर्षण गराएका थिए ।

चोरी, तस्करी एवं अपराध नियन्त्रणमा कसैसँग सम्झौता नगरी आफु अगाडि बढ्ने प्रजिअ रेग्मीले प्रतिबद्धता जनाए । नागरिक र प्रहरी मिलेर नै बलियो शान्ति सुरक्षा कायम गर्न सकिने समेत उनले बताए । समाजमा रहेको दण्डहीनता अन्त्य गर्न भन्दै उनले प्रहरीले कुनै पनि प्रलोभनमा नपरी नागरिकलाई राज्य र कानुन भएको महसुस हुनेगरी न्याय निरूपण गर्नुपर्ने विचार व्यक्त गरे ।


## कतारमा रोजगार

कम्पनी : GAS EQUIPMENT & SERVICES CO QATAR LTD
शहर: Doha

पूर्व स्वीकृत मिति: २०८०/०९/०८ चलानी नं.: ६०२११९७३ LT. No.: 296970

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1100 | ४०,०५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस १६ गते (1 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०१४/०६८/०६९

**अक्टोपस ओभरसिज प्रा. लि.**
राजाजनक मार्ग-३२, तिनकुने, काठमाडौं, नेपाल, फोन : ४११२१४२, ४११२१४५
E-mail: octopusoverseas1@gmail.com, Web.: www.octopusoverseasnepal.com



गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

मनाङ, २०७७

### ठेक्का किन न तोड्ने ? अत्यन्त जरुरी सुचना

तत्कालिन District Technical Office, RRRSDP, District Project Office, Chame, Manang र M/S Galwa -the Caravan JV, Basundhara, Kathmandu बिच मिति २०७३/०३/३० मा सम्झौता भई निर्माणाधीन अवस्थामा रहेको योजना "Construction of Marsyangdi Khola Motorable Bridge Along Humde-Ngawal Gaun Road" ठेक्का नं: 6/DDC/Manang/2072-073 साथै District Technical Office, RRRSDP, District Project Office, Chame, Manang र M/S Mrit Sanjiwani-Khadka Krishna- the Caravan JV, Basundhara, Kathmandu बिच मिति २०७३/०३/२० मा सम्झौता भई निर्माणाधीन अवस्थामा रहेको योजना "Construction of DudhKhola Motorable Bridge Along Thoche Larke Road" ठेक्का नं: 2/DDC/Manang/2072-073 सङ्घीयता कार्यान्वयन पश्चात मिति २०७५ मा District Technical Office खारेज भएकोले सो योजना श्री पूर्वाधार विकास कार्यालय लमजुङलाई हस्तान्तरण गरिएकोमा पूर्वाधार विकास कार्यालय लमजुङले मिति २०७७ मा यस कार्यालय मार्फत कार्यान्वयनमा रहने गरि सो योजना हस्तान्तरण गर्दाका बखत योजनाको काम सम्पन्न गर्ने म्याद सकि सकेको र नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०५/०३ को निर्णय तथा अर्थ मन्त्रालयको मितो २०७८/०५/२१ को परिपत्र अनुसार कोभिड- १९ को पहिलो तथा दोस्रो लहर नियन्त्रणको लागि जारी भएको बन्दाबन्दी तथा निषेधको आदेश जारी हुनुपूर्व वा आदेशको अवधिभित्र सम्झौता भएका तर उक्त आदेशको कारण सम्पन्न हुन नसकेका योजनाको विश्लेषण गरि नेपाल सरकारलाई थप लागत वा दायित्त्व नपर्ने गरि बढीमा २०७८ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय बमोजिम मिति २०७८/१२/३० सम्म म्याद थप भएको तत्पश्चात सम्बन्धित निर्माण व्यवसायीलाई सार्बजनिक खरिद नियमावलि २०६४ को १२ औं संशोधन बमोजिम म्याद थपका निम्ति आवश्यक कागजात सहित यस कार्यालयमा रीतपुर्वक निवेदन पेश गरि निर्माण कार्य अगाडी बढाउन बारम्बार पत्राचार गर्दा पनि सम्पर्कमा आउन समेत व्यवास्ता गरेकोले हालसम्म पनि योजनाको म्याद थप हुन नसकेकोमा म्याद थप गरी ठेक्का सम्झौता बमोजिम निर्माण कार्य अगाडि बढाउन कार्यालयले जानकारी गराउँदा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने सन्दर्भमा कुनै चासो नदेखाई चरम लापरबाही गरी ठेक्का सम्झौताको प्रावधान अनुसार कार्यप्रगति हुन नसकेकोले तपसिलमा उल्लेखित निर्माण व्यवसायीको ठेक्का सम्झौता सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलि २०६४ र सोहि अनुरुप निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिव कारण भएमा यो सुचना प्रकाशित मितिले सात (७) दिनभित्र विश्वसनिय स्पष्टीकरण सहित अविलम्ब निर्माण कार्य सम्पन्न गर्ने यथेष्ट कार्य योजना सहित यस पूर्वाधार विकास कार्यालयमा निर्माण व्यवसायीको आधिकारीक व्यक्तिलाई स्वयंम उपस्थित हुन सुचित गरिन्छ । अन्यथा यसै सुचनालाई अन्तिम ताकेता मानि ठेक्का सम्झौताका शर्तहरु, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलि २०६४ बमोजिम ठेक्का समझौता रद्द गरि तत्पश्चात गरिने सम्पुर्ण कानुनी कारबाहीको प्रकृया अगाडी बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र. सं. | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | कार्य सम्पन्न गर्नु पर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | 6/DDC/Manang/ 2072-073 | Construction of Marsyangdi Khola Motorable Bridge Along Humde-Ngawal Gaun Road | M/S Galwa -the Caravan JV, Basundhara, Kathmandu | २०७३/०३/३० | २०७८/१२/३० |
| २ | 2/DDC/Manang/ 2072-073 | Construction of Dudh Khola Motorable Bridge Along Thoche Larke Road | M/S Mrit Sanjiwani-Khadka Krishna- the Caravan JV, Basundhara, Kathmandu | २०७३/०३/२० | २०७८/१२/३० |



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१०/०४ मा दर्ता भएको **प्रा.लि.नं. २८१६९०/०७८/०७९** को **एभरेष्ट घरजग्गा बन्दोबस्त कम्पनी प्रा.लि.** को मिति २०८०/०९/०८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/१०/१४ मा दर्ता भएको **प्रा.लि.नं. १३१५९५/०७१/०७२** को **प्रिमियर ग्रुप प्रा.लि.** को मिति २०८०/०९/०८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## युएईमा रोजगार

कम्पनी: SANED FACILITY MANAGEMENT L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०९/०८ चलानी नं.: ६०२११९८७ L.T. No.: 297002

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baggage Handler/porter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,७५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 200 | 200 | | 800 | २८,९१२ | | | | | | | |
| 3. | Security Guard | 100 | 25 | | 1600 | ५७,८२४ | | | | | | | |
| 4. | Teaching Assistant | 0 | 25 | | 1300 | ४६,९८२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १६ गते (1 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Amity Global Group
**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## कतारमा रोजगारको अवसर

कम्पनी: WADI LUSAIL LIL MUKIFAT
शहर : DOHA

पुर्व स्वीकृत मिति: २०८०/०१/०८ चलानी नं.: ६०२००५५६ L.T. No.: 285141 पुन: विज्ञापन

